संघीय संसद

राष्ट्रिय सभा

अठारौं अधिवेशन

बैठक-२९

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

२०८२ असार २४ गते मंगलबार

*बैठक प्रारम्भ १:२० बजे*
*बैठक स्थगित ४:२४ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको उन्नतिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२० बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य गोमा देवी तिमल्सिनाले** वर्षाको कारण हुने क्षति नियन्त्रणमा लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुल प्रसाद विश्वकर्माले** महिलाहरूको अधिकार स्थापित गर्न सबै लागि पर्नुपर्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य दुर्गा गुरुङले** बर्दिया राष्ट्रिय निकुञ्जमा जङ्गली जनावरबाट हुने क्षति नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नर बहादुर विष्टले** हतियार खरिद प्रकरणका माध्यमबाट सरकारले विचौलिया पोसेको जिकिर गर्नुभयो।

**माननीय सदस्य नारायण दत्त मिश्रले** किसानलाई मलको अभाव नहुने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य युवराज शर्माले** विद्यालय शिक्षा विधेयकमा वितण्डा नमच्चाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले** रसुवागढीमा आएको बाढीले ठुलो मात्रामा जनधनको क्षति भएको जिकिर गर्दै यस्ता घटनामा संवेदनशिल हुन सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नका लागि दलीय आधारमा देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य कमला पन्तले** रसुवागढीमा आएको बाढीले ठुलो मात्रामा जनधनको क्षति भएको जिकिर गर्दै प्राकृतिक विपद्का हिसाबले नेपाल उच्च जोखिममा रहेकोले यस्ता क्षति न्यूनिकरणमा तयारी अवस्थामा बस्न सरकारलाई अनुरोध गर्नुभयो।

**माननीय सदस्य नर बहादुर विष्टले** रसुवागढीमा आएको बाढीले ठुलो मात्रामा जनधनको क्षति भएको जिकिर गर्दै यस्ता घटनामा संवेदनशिल हुन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य गोमा देवी तिमल्सिनाले** जनताको स्वास्थ्य र शिक्षामाथि खेलवाड नगर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य पुजा चौधरीले** सबै नागरिकले समान स्वास्थ्य सेवा पाउने हकको संविधानमा व्यवस्था भएता पनि बिभिन्न कारणले जनताले स्वास्थ्य सेवा उपभोगबाट वञ्चित रहनुपरेको जिकिर गर्दै सरकारको गम्भिर ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुल प्रसाद विश्वकर्माले** निजामती सेवा विधेयकमा व्यवस्था गरिएको कुलिङ्ग अफ पिरियडको सम्बन्धमा सत्यतथ्य छानविन गरी निजामती सेवा विधेयकलाई पारदर्शी रुपमा पास गर्ने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य बामदेव गौतमले** इजरायल र प्यालेस्टाइन बिचको सम्बन्धमा आएको दरारका कारण आज विश्व अशान्तिको अवस्था सिर्जना गराएको जिकिर गर्नुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले** रसुवागढीमा आएको बाढीले ठुलो मात्रामा जनधनको क्षति भएको जिकिर गर्दै यस्ता घटनामा संवेदनशिल हुन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु देवी पुडासैनीले** रसुवागढीमा आएको बाढीले ठुलो मात्रामा जनधनको क्षति भएको जिकिर गर्दै प्राकृतिक विपद्का कारण हुने यस्ता क्षति न्यूनिकरणमा तयारी अवस्थामा बस्न सरकारलाई अनुरोध गर्नुभयो।

**माननीय सदस्य गंगा कुमारी बेलबासे** रौतहटको इँटाभट्टामा घटको घटना र उच्च अदालतको फैसलाका सम्बन्धमा विशेष रुपमा छानविन गरि पीडितलाई न्याय र पीडकलाई थप सजायको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य तुलसा कुमारी दाहालले** मौलिक हक कार्यान्वयनको व्यवस्था गर्ने ऐनहरू धेरै बन्न नसकेका र केही बनेर पनि कार्यान्वयनमा आउन नसकेको जिकिर गर्दै यस्ता कानुन अविलम्ब बनाई कार्यान्वयनमा ल्याउन सरकारलाई अनुरोध गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायको **अपिल** गर्नुभयोः- "नेपाल बाढि, पहिरो, भुकम्प, आगलागी, जलवायु परिवर्तन, माहामारी लगायत अन्य प्राकृतिक र मानव निर्मित विपद्को अत्यन्त सम्वेदनशील मुलुकको रुपमा रहेको बेहोरा हामी सबैलाई अवगत नै छ । हाल मुलुकमा यो वर्षको मनसुन प्रवेश गरी सक्रिय भइरहदा यसबाट सिर्जित विपद् र भएको धनजनको क्षतिका घटनाका विवरणहरू आउन थालेका छन्।

आज मात्र रसुवा जिल्ला लगायत उत्तरी सीमा क्षेत्रमा आएको बाढी पहिरोले ठुलो धनजनको क्षति भएको विवरण र समाचारहरु आइरहेका छन्। यसले हामी सबैलाई गम्भिर बनाएको छ । घटना प्रभावित क्षेत्रमा राज्यका सम्बद्ध निकाय र जिम्मेवार पक्षले तत्काल उपस्थिति जनाई बेपता व्यक्तिहरुको खोजी गर्न, उद्धार कार्यमा तिव्रता दिन, राहत, पुनःस्थापना, पुनःनिर्माण र क्षतिपूर्तिको तत्काल कार्ययोजना बनाई कार्य गर्न विशेष आग्रह गर्दछु ।

यो वर्षको वर्षायाममा औषत भन्दा बढी पानी पर्ने र यसले विपद्जन्य घटना वृद्धि हुन सक्ने पुर्वानुमान सम्बन्धित निकाय र विज्ञहरूले गरिरहेका छन्। यसै तथ्यलाई आधार मानेर सभाका बैठकहरूमा माननीय सदस्यहरूले शुन्य समय र विशेष समयमा आ-आफ्ना विषय गम्भिरताका साथ राख्दै आउनु भएको छ।

विभिन्न प्रकृतिका विपदजन्य घटनाहरुका सम्भावित क्षेत्रहरुको पहिचान गर्ने, पूर्व तयारीका कार्य गर्ने, घटना हुन नदिने, घटना पश्चात राहत, उद्धार क्षतिपूर्ति, पुनर्स्थापना र पुन निर्माणका कार्यलाई चुस्त बनाई नागरिकको जिउ धनको संरक्षण गर्ने पहिलो दायित्व सरकारको भएकाले यसतर्फ नेपाल सरकार र मातहतका सम्बन्धित निकायको गम्भिर ध्यान आकर्षण गराउँछु। विपद जोखिम न्यूनीकरण गर्न संघीय सरकारको मात्र नभई संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारको उत्तिकै जिम्मेवारी रहेकाले समन्वयात्मक आधारमा कार्य गर्न, अन्य संघ, संस्था निजी क्षेत्र र विज्ञहरुसँग समेत साझेदारीमा कार्य गर्ने वातावरण बनाउन र सम्भावित जोखिम र त्यसबाट पर्ने प्रभावको नागरिकलाई सुसुचित गराई सचेतना अभिवृद्धि गर्न समेत सम्बद्ध सबैलाई आग्रह गर्दछु ।

त्यसै गरी आम नागरिकलाई समेत आफ्ना गतिविधिहरु सञ्चालन गर्दा र वर्षायाममा यात्रा गर्दा सजगता राखि सुरक्षित तवरले गर्न समेत हार्दिक अपिल गर्दछु । राज्यको क्षमताको मूल्यांकन विपद जोखिमलाई न्यूनीकरण गर्ने र विपदबाट न्यून क्षति हुने गरी तयारीका कार्यमा हुनेहुदाँ सबैको सामूहिक पर्यत्नबाट विपद व्यवस्थापन चक्रका सबै कार्य कुशलतापूर्वक सम्पन्न गर्न सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछु ।"

त्यसपछि, **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**सँग सम्बन्धित **माननीय सदस्य मोहम्मद खालिद र माननीय सदस्य माया प्रसाद शर्माले** सोध्नु भएको प्रश्नमा **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तले** जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी प्राप्त हुन आएको पत्रको देहायबमोजिमको व्यहोरा जानकारी गराउनुभयो:

"**माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे** फ्रान्सको पेरिसमा आयोजना हुने फोर्टी सेभेन्थ सेसन अफ द वर्ल्ड हेरिटेज कमिटीमा सहभागी हुन संवत् २०८२ साल असार २३ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट **माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(एकनारायण अर्याल)
मुख्य सचिव
२०८२ असार २३ गते"

त्यसपछि, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्माले "**त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरुको कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ माथि छलफल गरियोस्**" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा देहायबोमोजिमका माननीय सदस्यहरूले भागलिनु भयो:

१. माननीय सदस्य नर बहादुर विष्ट
२. माननीय सदस्य किरण बाबु श्रेष्ठ
३. माननीय सदस्य डा. बेदुराम भुसाल
४. माननीय सदस्य तुलसा कुमारी दाहाल
५. माननीय सदस्य गोपी बहादुर सार्की आछामी
६. माननीय सदस्य जग प्रसाद शर्मा
७. माननीय सदस्य विष्णु कुमारी सापकोटा
८. माननीय सदस्य मनरुपा शर्मा

९. माननीय सदस्य मदन कुमारी शाह (गरिमा)
१०. माननीय सदस्य रेनु चन्द
११. माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा
१२. माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी
१३. माननीय सदस्य सुमित्रा वि.सी.

त्यसपछि, **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तलाई** छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायको निर्देशन दिनुभयोः "प्रतिवेदनका सम्बन्धमा माननीय सदस्यहरूले छलफलमा उठाएका विषयहरू र सो सम्बन्धमा माननीय मन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा **"त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरुको कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१"** मा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा तत्काल कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन दिन्छु।"

त्यसपछि, सम्माननीय अध्यक्षले कार्यसुचिको क्रम संख्या ४ मा रहेको विषय कार्यसुचिबाट हटाएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाका पूर्व सदस्य गोविन्दप्रसाद शर्मा र संविधान सभा सदस्य रामअयोध्या प्रसाद यादवको निधनमा निम्न लिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुभयोः

क) "वि.सं. १९९५ साल पौष १४ गते जन्मनु भएका प्रतिनिधि सभाका पूर्व सदस्य गोविन्दप्रसाद शर्माको ८७ वर्षको उमेरमा मिति २०८२ साल असार १५ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ। स्वर्गीय शर्मा नेपाली काँग्रेस पार्टीको तर्फबाट २०४८ सालमा बाग्लुङ् क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको थियो। यो बैठक स्वर्गीय शर्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

ख) "संविधानसभा सदस्य रामअयोध्या प्रसाद यादवको ७२ वर्षको उमेरमा मिति २०८२ साल असार १८ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ। स्वर्गीय यादव नेपाली काँग्रेस पार्टीको तर्फबाट २०७० सालको संविधानसभा निर्वाचनमा बारा क्षेत्र नम्बर १ बाट निर्वाचित हुनुभएको थियो। यो बैठक स्वर्गीय यादवप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

उल्लेखित शोक प्रस्तावलाई सभाले पारित गरी एक मिनेट मौन धारण गर्‍यो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८२ साल असार २७ गते शुक्रबार अपराह्न १२ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो। ।

(पद्मप्रसाद पाण्डेय)

महासचिव